
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २४९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असोज ६ गते बिहीबार ❑ 22 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## बाह्य उत्पादनको भरले मात्र देश समृद्ध बन्न सक्दैन : अर्थमन्त्री शर्मा

पोखरापत्र संवाददाता
गोरखा, ५ असोज

अर्थमन्त्री जनार्दन शर्माले बाह्य देशको उत्पादन ल्याएर नेपालमा बिक्री वितरण मात्र गर्ने परिपाटीले देश समृद्ध बन्न नसक्ने बताउनुभएको छ।

लिगलिग पालुङटार उद्योग वाणिज्य सङ्घ पालुङटार नगरपालिकाको आयोजनामा गोरखामा बुधबारदेखि सुरु भएको 'लिगलिग पालुङटार महोत्सव, २०७९' को उद्घाटन कार्यक्रममा उहाँले आफ्नो देशका लागि आफैँ उत्पादन गर्ने र अरुका बाह्य देशमा पुऱ्याउन सक्ने व्यवसायले मात्र देश छिट्टै समृद्ध बन्ने बताउनुभयो । "हामीले अहिले गरिरहेको धेरैजसो व्यवसाय बाहिरबाट ल्याएर गर्ने गरेका छौँ", उहाँले भन्नुभयो, "उत्पादन हामी आफैँ उपयोग गर्ने, अरुकोमा पुऱ्याउने खालको व्यवसाय हामीलाई आज आवश्यक छ।" अर्थमन्त्री शर्माले त्यसका लागि देशमा हरेक खालका व्यवसायलाई आर्थिक उत्पादनसँग जोडेर सहरीकरण गर्न सक्यौँ भने मात्र वास्तविक विकास हुने उहाँको भनाइ छ । अर्थमन्त्री शर्माले विकासबाट जनताको आर्थिक जीवनमा सांस्कृतिक जीवनमा परिवर्तन गर्न सक्नुपर्ने बताउनुभयो।



उहाँले अबको विकासको मान्यता आर्थिक सामाजिक र सांस्कृतिकरूपमा जनताको जीवनलाई बदल्न सक्ने खालको हुनुपर्ने बताउनुभयो।

अर्थमन्त्री शर्माले उत्पादन जोडेर विकास निर्माणलाई अगाडि बढाउँदा पनि संस्कृति, अर्थतन्त्र र सामाजिक वातावरण निर्माण गर्ने कुरामा ध्यान पुऱ्याउन सके यसले समग्र विकासलाई जोड्ने सक्ने उल्लेख गर्नुभयो। संविधानले सामाजिक न्यायसहितको समाजवादको आधार तयार गर्ने स्पष्ट किटान गरेको भन्दै उहाँले गरिबीको अन्त्य र समानताको वातावरण निर्माण गर्न जनताको न्यूनतम आवश्यकता परिपूर्ति गर्ने क्षमता सरकारले बताउनुपर्ने अहिलेको अवस्था रहेको बताउनुभयो । अर्को फरक प्रसङ्गमा अर्थमन्त्री शर्माले लिगलिगकोटको दौड पर्यटनका दृष्टिकोणले ऐतिहासिक भएको भन्दै अब यसलाई राजनीतिक पर्यटनका हिसाबले समेत उपयोग गर्न सक्नुपर्ने बताउनुभयो।

"लिगलिगकोट नाम मात्र नभएर एउटा इतिहास बोकेको स्थल पनि हो, यहाँको छुट्टै संस्कृति छ र परम्परा छ", उहाँले भन्नुभयो, "त्यो राजनीतिक प्रकृतिको पनि भएकाले यसको छुट्टै विरासत छ ।" उहाँले पालुङटार नगरपालिकालाई समृद्ध नगरपालिका बनाउनका लागि स्थानीय सरकार र प्रदेश सरकारले थालनी गरे केन्द्र सरकारले पनि सबैखालको सहयोग गर्ने बताउनुभयो।

## नागरिकता विधेयक प्रमाणीकरण नभएकामा सत्तारुढ दलको असन्तुष्टि

पोखरापत्र संवाददाता
पोखरा, ५ असोज

प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पुनःपारित भई प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेश भएको नागरिकता विधेयक संविधानले सुनिश्चित गरेको समयभित्र राष्ट्रपतिद्वारा प्रमाणीकरण नभएकामा सत्तारुढ दलले असन्तुष्टि व्यक्त गरेका छन्।

प्रधानमन्त्री निवास बालुवाटारमा बुधबार बसेको सत्ता साझेदार चार दलको बैठकले सो असन्तुष्टि व्यक्त गरेको हो। बैठकपछि चार दलद्वारा जारी संयुक्त विज्ञप्तिमा राष्ट्रपतिबाट संविधानको पालना र संरक्षण हुन नसकेको भन्दै सो असन्तुष्टि व्यक्त गरिएको हो।

"राष्ट्रपतिको यो कदमबाट नागरिकता प्राप्त गरिसकेका नेपाली आमाबाबुका सन्तानले नेपाली नागरिकता प्राप्त गर्ने संवैधानिक हकबाट बञ्चित भएका छन् र जनतामा निहित सार्वभौमसत्ता, संवैधानिक सर्वोच्चता र लोकतान्त्रिक शासन व्यवस्थाका आधारभूत मूल्य मान्यतामा प्रहार हुन पुगेको छ", बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ। विज्ञप्तिमा प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, पूर्वउपप्रधानमन्त्री एवं जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले हस्ताक्षर गर्नुभएको छ।

## नवौँ राष्ट्रिय खेलकुदका लागि प्रदेश सरकारद्वारा पाँच करोड ८६ लाख बजेट निकासा

पोखरापत्र संवाददाता
पोखरा, ५ असोज

आसन्न नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि गण्डकी प्रदेश सरकारले रु पाँच करोड ८६ लाख निकासा गरेको छ।

प्रदेश सरकारले प्रतियोगिताको तयारीअन्तर्गत खेलाडी छनोट र बन्द प्रशिक्षण सञ्चालन गर्न हालसम्म सो रकम उपलब्ध गराएको हो। राष्ट्रिय खेलकुदका लागि प्रदेशको तयारीमा रहेको सरकारले पछिल्लो पटक रु एक करोड ४० लाख थप बजेट उपलब्ध गराएको प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बरालले बताउनुभयो।

राष्ट्रिय खेलकुद परिषद्को आयोजना र खेलकुद पत्रकार मञ्च गण्डकीका संयोजनमा पोखरामा सञ्चालन भएको दुई दिनको खेल पत्रकारिता तालिमको आज समापन समारोहमा उहाँले चालु वर्षको रातो किताबमा विनियोजित रु एक करोड, प्रतियोगिताका लागि भदौ पहिलो साता उपलब्ध गराइएको र तीन करोड ४६ लाख र पछिल्लोपटक रु एक करोड ४० लाख निकासा गरिएको जानकारी दिनुभयो।

प्रदेशमा खेलाडीको बन्द प्रशिक्षण, खेल सामग्री, खेलाडी छनोट र विशेष प्रशिक्षणका लागि प्रदेश खेलकुद परिषद्को मागअनुसार मन्त्रालयबाट सो रकम निकासा गरिएको अर्थमन्त्री बरालले बताउनुभयो । उहाँले भन्नुभयो, "राष्ट्रिय प्रतियोगिताका लागि प्रदेशको तयारीमा बजेटको अभाव हुन दिएका छैनौँ, खेलाडीको आधारभूत आवश्यकता पूर्तिका लागि सरकारले मागअनुसारको बजेट दिएको छ।" राष्ट्रिय खेलकुद आयोजना, यसको व्यवस्थापन खर्च र पूर्वाधार निर्माणलगायतको सम्पूर्ण जिम्मेवारी सङ्घीय सरकारको हो । स्थानीय आयोजकसमेत रहेको प्रदेश सरकारले प्रतियोगिताका लागि आफ्नो टिमको तयारी र प्रशिक्षणको खर्च बेहोर्नुपर्दछ । नवौँका लागि राष्ट्रिय खेलकुद परिषद्ले यसअघि सातै प्रदेशलाई रु ४९ लाखका दरले बजेट उपलब्ध गराएको थियो।

कार्यक्रममा अर्थमन्त्री बरालले गण्डकी प्रदेशमा ४० वर्षपछि हुन लागेको राष्ट्रिय खेलकुद सफल बनाउनु सबै प्रदेशवासीको दायित्व रहेको बताउँदै सञ्चारकर्मीले पत्रकारिताका माध्यमबाट योगदान गर्न आग्रह गर्नुभयो। उहाँले खेलकुद क्षेत्रमा रहेको विकृतिका बारेमा समेत कलम चलाउन आग्रह गर्नुभयो।

तालिममा गण्डकीका १० जिल्लाका ७० जना खेल पत्रकारलाई आसन्न राष्ट्रिय खेलकुदको समाचार सम्प्रेशणका बारेमा प्रशिक्षण दिइएको थियो । राष्ट्रिय

बाँकी अन्तिम पृष्ठमा ▶▶

## दिगो पर्वतीय समाधानका लागि मुस्ताङ घोषणापत्र जारी

पोखरापत्र संवाददाता
जोमसोम, ५ असोज

वन तथा वातावरण मन्त्रालयद्वारा मङ्गलबारदेखि मुस्ताङमा आयोजना गरिएको अन्तर्राष्ट्रिय दिगो पर्वतीय विकास वर्ष, २०२२ मुस्ताङ पैरवी सम्मेलन आज सम्पन्न भएको छ। उक्त सम्मेलनले बुधबार दिगो पर्वतीय समाधानका लागि मुस्ताङ घोषणापत्र जारी गरेको छ।

उक्त सम्मेलनले नेपाल सरकारबाट प्रदेश सरकार, स्थानीय सरकार, स्थानीय समुदाय तथा विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय साझेदारसँगको समन्वयमा अन्तर्राष्ट्रिय दिगो पर्वतीय विकास वर्ष, २०२२ को सन्दर्भमा २०७९ असोज ४ र ५ गते मुस्ताङमा आयोजित दिगो पर्वतीय समाधानका लागि मुस्ताङ पैरवी सम्मेलनले घोषणापत्र जारी गरेको छ।

उक्त सम्मेलनले दिगो पर्वतीय विकासका लागि जलवायु परिवर्तन, पर्वतीय अर्थतन्त्र, पर्वतीय जैविक विविधता, पर्वतीय महिला, पर्वतीय संस्कृति र पर्वत-समथर अन्तरसम्बन्धलाई अलग अलग र एकीकृतरूपमा सम्बोधन गर्दै आफ्ना नीति, कार्यक्रम, बजेट तथा अभ्यासमा आन्तरिकीकरण गर्न नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई अपिल गरिएको छ । यसैगरी संसारको सबैभन्दा अग्लो पर्वत शृङ्खला भएको मुलुकका नाताले त्यस्ता मुलुकसँग हातेमालो गर्दै अन्तरर्राष्ट्रिय मञ्चमा पर्वतीय देशका सवाल र समाधानका उपायलाई अन्तर्राष्ट्रियकरण गर्न नेपाल सरकारलाई उक्त सम्मेलनले अनुरोधसमेत गरेको छ। पर्वतीय विषयलाई क्षेत्रीय तथा अन्तरर्राष्ट्रिय समन्वय, साझेदारी र सहकार्यसमेत आवश्यक पर्ने हुँदा हिन्दूकुशपर्वतीयक्षेत्रकादेशबीचमा मन्त्रीस्तरीय क्षेत्रीय परिषद् गठनका लागि पहल गर्न हिन्दूकुश हिमाली क्षेत्रका देशलाई सम्मेलनले आह्वान गरेको छ । यसैगरी उक्त सम्मेलनले वर्ष २०२२ लाई अन्तर्राष्ट्रिय दिगो पर्वतीय विकास वर्षका रूपमा घोषणा गरी पर्वतीय विषयलाई विशेष महत्व दिएकामा संयुक्त राष्ट्र सङ्घप्रति आभार व्यक्त गरेको मन्त्रालयका जलवायु महाशाखा प्रमुख बुद्धिसागर पौडेलले जानकारी दिनुभयो । यसैगरी नेपालले मनाइरहेको अन्तर्राष्ट्रिय पर्वतीय विकास वर्ष समारोहको उद्घाटनमा भौतिकरूपमा उपस्थित रही साथै मुस्ताङ पैरवी सम्मेलनमा भर्चुअलरूपमा प्रमुख अतिथिका रूपमा सम्बोधन गर्नुभएकोमा प्रधानमन्त्री शेरबहादुर देउवालाई विशेष धन्यवाद दिएको छ । नेपालले मनाइरहेको अन्तर्राष्ट्रिय पर्वतीय विकास वर्ष समारोहको अन्तरसंवाद कार्यक्रममा प्रमुख अतिथि भई सम्बोधन गर्नुभएकोमा सङ्घीय संसद् प्रतिनिधिसभाका सभामुख अग्निप्रसाद सापकोटालाई धन्यवाद दिएको छ। नेपालजस्ता पर्वतीय मुलुकका लागि दिगो विकास लक्ष्य हासिल गर्न पर्वतीय मुद्दालाई विशेषरूपमा सम्बोधन गर्नुपर्ने सम्मेलनले आवश्यकता महसुस गरेको छ।

## स्वाबलम्बन जीवनपद्धति केन्द्र-पोखराद्वारा विभिन्न सामग्री हस्तान्तरण

पोखरापत्र संवाददाता
पोखरा, ५ असोज

स्वाबलम्बन जीवनपद्धती केन्द्र-पोखराले अपाङ्गता भएका बालबालिकाहरू अध्ययनरत स्रोत कक्षाको स्तरोन्नतीका लागि विभिन्न सामग्री हस्तान्तरण गरेको छ।

ह्याण्डिक्याप ईन्टरनेशनल र विश्व शिक्षासँगको साझेदारी तथा युएसएआइडीको आर्थिक सहयोगमा कास्की जिल्लामा संचालित ँसबैका लागि पढाइ कार्यक्रमँ परियोजना अन्तर्गत पोखराका तीन विद्यालयलाई अपाङ्गता भएका बालबालिकाहरुको सिकाइ वातावरण सुधार गर्ने उद्देश्यले सामग्री हस्तान्तरण गरिएको हो।

पोखरा १२ स्थित अमरसिंह मावि, पोखरा १० स्थित कुँडहर आधारभूत विद्यालयका दृष्टिविहीन विद्यार्थी र पोखरा ३३ स्थित सरस्वती टिका मा.विका बौद्धिक अपाङ्गता विद्यार्थीका लागि करिब सात लाख मूल्य बराबरको सामग्री हस्तान्तरण गरिएको केन्द्र अध्यक्ष हेम बहादुर गुरुङले जानकारी दिनुभयो । ती विद्यालयलाई स्मार्ट टिभि, राउण्ड टेबल, पि. फोम म्याट्रेस, जुट कार्पेट, वाटर प्युरिफायर, सिलिङ्ग पंखा, स्टिल दराज, कुसन, शिक्षण सिकाइ तथा खेल सामाग्री लगायत २० प्रकारका सामग्रीहरू प्रदान गरिएको छ । पोखरा महानगरपालिकाकी उप-प्रमुख मञ्जुदेवी गुरुङले ती सामग्री विद्यालयलाई हस्तान्तरण गर्नुभएको थियो । कार्यक्रममा उप-प्रमुख गुरुङले अपाङ्गता भएका व्यक्तिको सहजताका लागि काम गर्नु सरकारको कर्तव्य भएको बताउनुभयो । उहाँले अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच स्थापित गर्न प्रोत्साहन सहितको भर्नालाई प्राथमिकता दिएको र निकट भविष्यमा नै आवश्यक कार्यविधि बनाइ अगाडि बढ्ने दृढता व्यक्त गर्नुभयो । पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रदेव भारतीले हुनेले आफ्नो लागि आफैले गर्न सकेपनि नहुनेका लागि राज्य आवश्यक भएको बताउनुभयो । केन्द्रका अध्यक्ष हेम बहादुर गुरूङले महानगरले समावेशी शिक्षा नीति बनाइ अपाङ्गतालगायत कठिनाइमा रहेका सबै बालबालिकाहरूलाई शिक्षाको मूलधारमा ल्याउनुपर्ने कुरामा जोड दिनुभयो। कार्यक्रममा ह्याण्डिक्याप इन्टरनेशनलका प्रतिनिधि शिवानी भट्टराई, महानगर शिक्षा महाशाखाका प्रमुख हेम प्रसाद आचार्य, सामाजिक विकास महाशाखाका प्रतिनिधि गीता नेउपानेलगायतको उपस्थिति रहेको थियो।



सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# खुल्ला बास्केटबलको उपाधी कास्की जिल्ला बास्केटबल संघलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ असोज**

राष्ट्रिय युवा संघ नेपाल मादी गाउपालिका वडा नम्वर २ ले आयोजना गरेको प्रथम खुल्ला महिला तथा पुरुष बास्केटबल प्रतियोगिताको उपाधि पुरुषतर्फ कास्की जिल्ला बास्केटबल संघ र महिला तर्फ मर्दीखोला 'ए' ले जितेको छ।



पोखरा १३ भद्रकाली खेलमैदानमा सम्पन्न पुरुषतर्फको फाइनल खेलमा ताङतिङ ए लाई ५८ - ५४ स्कोरले पछाडि पार्दै बास्केट वल संघ कास्कीले उपाधि हात पारेको हो। उपाधि संगै कास्की जिल्ला बास्केटबल संघले नगद ८० हजार, शिल्ड, मेडल र प्रमाणपत्र हात पारेको छ। त्यसैगरि उपविजेता ताङतिङ ए ले नगद ५० हजार शिल्ड, मेडल र प्रमाणपत्रमा चित्त बुझाउनुपर्यो । प्रतियोगितामा कास्की जिल्ला बास्केटबल सघका निकेश मगर २५ स्कोर गर्दै हाई स्कोररको उपाधी संगै नगद र ट्रफी प्राप्त गरे। महिला तर्फ मर्दीखोला ए ले मर्दीखोला बी लाई ४९ - ११ स्कोरले पछाडि पार्दै प्रतियोगिताको उपाधि हात पारेको छ। उपाधि संगै मर्दीखोला ए ले नगद १५ हजार, शिल्ड मेडल र प्रमाणपत्र हात पारे। उपविजेता मर्दीखोला बीले नगद १० हजार, शिल्ड मेडल र प्रमाणपत्रमा चित्त बुझायो । प्रतियोगितामा मर्दीखोला ए का छिरिङ छ्योकि शेर्पाले १४ स्कोर गर्दै उत्कृष्ट स्कोरर संगै ट्रफी र नगद हात पारिन।

प्रतियोगितामा महिला पुरुष गरि २७ टीमको सहभागीता रहेको थियो । प्रतियोगिताका बिजेताहरुलाई पोखरा १३ का निवर्तमान वडा तथा समाजसेवी दर्शन लामा, मादी गाउपालिकाका उपाध्यक्ष कल्पना गुरुङ, नेकपा एमाले जिल्ला कमिटी सदस्य झलक पोखेल, राष्ट्रिय युवा संघ नेपाल मादी गाउपालिका वडा नम्वर २ का अध्यक्ष क्षेत्र जंग गुरुङ, मादी गाउपालिका वडा नम्वर ६ का निवर्तमान अध्यक्ष पस वहादुर बास्तोला, मादी २ का पुर्व वडा अध्यक्ष एक्का जंग गुरुङ, युवा संघ मादी गाउपालिका अध्यक्ष उमेश गुरुङ लगायतले पुरस्कार वितरण गरेका थिए।

प्रतियोगिताका बिजेताहरुलाई पुरस्कार वितरण गर्दै पोखरा महानगरपालिका वडा नम्बर १३ का निवर्तमान वडा अध्यक्ष दर्शन लामाले कालो धन थुपारेर अहिलेको सरकारका नेताहरुले बैंकमा तरलताको स्थिती उत्पन्न गराइरहेको वताउदै अहिलेको सरकार जनतालाई राहत दिने भन्दापनि जनतामाथी समस्याको चाङ थुप्रयाउन उद्धत रहेको वताए । त्यसैगरी परमादेशको सरकारले भारतिय सेनामा भर्नाहुने युवाहरुलाई लक्षित गरी अग्निपथ भर्ना लिइ ४ वर्ष सर्भिस पश्चात अनुदान दिने काम बाट नेपाली युवाहरु पिडित बनिरहदा सरकार टुलु टुलु हेरेर बसिरहेको वताउदै अहिलेको सरकार राष्ट्रबाद र नेपाली युवाहरुको पक्षमा नरहेको वताउदै सम्पूर्ण युवाहरु राष्ट्रवादको पक्षमा उभिनु अहिलेको आवश्यक्ता रहेको वताए । नागरिकता विधेयकले नेपाली महिलाहरुलाई उपेक्षित गर्ने गरी विधेयक जारी भएकाले यो विधेयक राष्ट्रबादी त भएन भएन महिलामैत्री समेत नभएकाले यसको सवैले विरोध गर्नुपर्नेमा उनले जोड दिदै आगामी मंसिर ४ गते हुने संघ र प्रदेशको निर्वाचनमा राष्ट्रवादको पक्षमा सम्पूर्णलाई एकवद्ध भएर लाग्न समेत आग्रह गरे।

# 'माउन्ट एभरेष्ट अन्तर्राष्ट्रिय तेक्वान्दो' प्रतियोगिताको तयारी पुरा

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ असोज**

विहीबारबाट पोखरामा हुने 'तेश्रो माउन्ट एभरेष्ट अन्तर्राष्ट्रिय खुला तेक्वान्दो च्याम्पियनसिप २०२२' जि-२ ऱ्याकिङ तथा 'प्रथम जिसिएस माउन्ट एभरेष्ट अन्तर्राष्ट्रिय खुला पुम्से च्याम्पियनसिप-२०२२' को सम्पूर्ण तयारी पुरा भएको छ । बुधबार आयोजकले एक प्रेस विज्ञप्ति प्रकाशित गरेर प्रतियोगिताको सम्पूर्ण तयारी पुरा भएको जनाएका हुन्।

प्रतियोगितामा सिनियर र जुनियर तर्फको १४ वर्षदेखि ६० वर्ष भन्दा माथी क्यारोगीतर्फ महिला पुरष गरी विभिन्न ८ वटा तौल समुहमा गरी कुल १६ वटा तौलमा तथा पुम्सेतर्फ समेत १४ देखि ६० वर्ष भन्दा माथी एकल, जोडी र समुहमा प्रतिष्पर्धा हुने आयोजक नेपाल तेक्वान्दो संघका अध्यक्ष प्रकाश सम्शेर राणाले जनाए।

प्रतियोगिता मुल आयोजक समितिका सचिव जगन गुरुङका अनुसार प्रतियोगितामा सहभागी हुन १३ देशका १ हजार ४ सय २५ खेलाडी पोखरा आइसकेका छन् । एउटै खेलका लागि यति ठुलो संख्याको सहभागिता नेपाली खेलकुदको इतिहासमानै पहिलो भएको दावी आयोजक संघले गरेको छ। असोज ९ गतेसम्म चल्ने प्रतियोगिताको बिहिबार दिउँसो साढे १२ बजे गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्ण चन्द्र नेपाली पोखरेलले उद्घाटन गर्ने आयोजकले जनाए । यो प्रतियोगिताको लागि तेक्वान्दो महासंघको छाता संस्था वल्ड तेक्वान्दोका अध्यक्ष डा. चोउ चुङ ओन, एशियन तेक्वान्दो फेडेरेशनका अध्यक्ष प्रोफेसर लिक्यू सिओक लगायतको विशिष्ट टोली पोखरामा आउने तय भएको आयोजकले जनाए । प्रतियोगितालाई सफल बनाउन राष्ट्रिय खेलकुद परिषद, गण्डकी प्रदेश सरकार, यूवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश, पोखरा महानगर पालिका, नेपाल ओलम्पिक कमिटि, प्रदेश खेलकुद परिषद गण्डकी, माछापुच्छ्रे बैंक लिमिटेड, हिमालयन एभरेष्ट इन्सोरेन्स लिमिटेड, कृषि विकास बैंक लिमिटेड, नेपाल एसविआई बैंक लि., इन्टरनेशनल नेप्लिज तेक्वान्दो एसोसियसन, कर्माचार्य फुड्स एण्ड बेकर्स प्राली, नेपाल पर्यटन वोर्ड, पोखरा पर्यटन परिषद, वुद्ध इएर, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी, हिमालयन अफिस अटोमेसन, भायनेट, नेपाल भूतपूर्व खेलाडी मञ्च लगायतको सहयोग गरेका छन्। यसअघि दुई पटक सफलता पूर्वक काठमाडौंमा सम्पन्न भइसकेको उक्त प्रतियोगिता विश्व महामारीका रुपमा फैलिएको कोभिड १९ का कारण दुई वर्ष स्थगित हुन पुगेको थियो । प्रतियोगिता पोखरा रंगशालास्थित बहुउद्धेश्यिय कभर्डहलमा आयोजना हुनेछ।

# कांग्रेसले 'निरन्तरतामा नवीनता'का आधारमा घोषणापत्र तयार गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ असोज**

नेपाली कांग्रेसले छोटो समयमा व्यापक छलफलका साथ 'निरन्तरतामा नवीनता'को दृष्टि केन्द्रमा राखेर पार्टीको घोषणापत्र निर्माण गर्ने भएको छ। कांग्रेसको प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन-२०७९, घोषणापत्र तयारी समितिको बुधबार बसेको प्रथम बैठकले सो निर्णय गरेको समितिका सदस्यसचिव डा प्रदीप पराजुलीले जानकारी दिनुभयो।

समितिका संयोजक एवं पार्टी महामन्त्री विश्वप्रकाश शर्माको सभापतित्वमा बसेको बैठकले स्थापनाकालदेखिका दस्तावेज एवं विभिन्नकालखण्डका घोषणापत्रहरू अध्ययन गरेर त्यसको भावनात्मक सार ग्रहण गर्न सहमहामन्त्री जीवन परियारको संयोजकत्वमा मदन कट्टेल र शङ्कर तिवारी सदस्य रहनुभएको अध्ययन र विश्लेषण उपसमिति गठन गरेको छ।

यसैगरी बैठकले समिति सदस्य डा स्वर्णिम वाग्लेको संयोजकत्वमा सदस्यहरू गेजा शर्मा वाग्ले, प्रताप पौडेल, कृष्णप्रसाद पौडेल, दीपेश घिमिरे र डा प्रिति मण्डल सदस्य रहनुभएको प्रारम्भिक मस्यौदा उपसमिति गठन गर्ने निर्णय गरेको छ।

# पोखरामा प्रदेश स्तरीय खेलकुद पत्रकारिता तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ असोज**

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको संयोजनामा पोखरामा आयोजित दुईदिने प्रदेश स्तरीय खेलकुद पत्रकारिता तालिम बुधबार सम्पन्न भएको छ।



तालिमको समापन गर्दै गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा बजेट अभाव हुन नदिने पुनः दोहोऱ्याए । लामो समयपछि गण्डकी प्रदेशमा आयोजना हुन लागेको प्रतियोगितालाई सफल पार्ने दायित्व सबै गण्डकी प्रदेशबासीको हुने उनको भनाई थियो । नेपाल खेलकुद पत्रकार मञ्चले प्रतियोगितालाई लक्षित गरेर पत्रकारिता तालिम आयोजना गरेकोमा उनले खुशी व्यक्त गरे । मञ्चले गर्ने विभिन्न कार्यक्रममा प्रदेश सरकारको सहयोग रहदै आएको तथा आगामी दिनमा समेत निरन्तर सहयोग रहने उनले बताए । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा भएको समापन कार्यक्रममा नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका निवर्तमान अध्यक्ष एकराज गिरी, नेपाल खेलकुद पत्रकार मञ्चका सचिव अञ्जन खड्का, प्रशिक्षार्थीहरु कमल पौडेल अथक, प्रतिक्षा काफ्ले र हरि खरेल, मञ्च गण्डकीका उपाध्यक्ष सुरज श्रेष्ठ तथा महासचिव राजाराम पौडेलले बोलेका थिए।

गण्डकी प्रदेशका खेल क्षेत्रमा रुचि राख्ने पत्रकारको लागि आयोजना गरिएको तलिममा गण्डकी प्रदेशका विभिन्न जिल्लामा कार्यरत ८० भन्दा बढी पत्रकारको सहभागीता रहेको महासचिव राजाराम पौडेलले जनाए। तालिमको दोस्रो दिनमा दुर्गानाथ सुवेदी देवेन्द्र, सुवास खड्का, कृष्ण तिमिल्सिना, मेजर लक्ष्मीप्रसाद गुरुङ, राजन सुब्बा, राजेन्द्र तामाङ, राजन नेपाली, जगत धौली, रामबहादुर क्षेत्री, आनन्द कुँवर, भीम पराजुली, चित्रबहादुर थापा, गज बहादुर गुरुङ, चिन बहादुर थापा, जगन वि.क., आकाशचन्द्र घर्ती मगर, शिव पुन लगायतका प्रशिक्षकले प्रशिक्षण दिए।यसअघि तालिमको पहिलो दिनमा कुल १३ जना प्रशिक्षकले प्रशिक्षण दिएका थिए । यसरी प्रशिक्षण प्रदान गर्नेमा योगेन्द्र शेरचन, पुनम गुरुङ, बिशाल कुँवर, सन्दिप बराल, मोहन गुरुङ, गोपाल श्रेष्ठ, रिजन प्रजु, राजन बडगामी, रामकृष्ण ज्ञवाली, राम गुरुङ, निरज थापा, प्रियंका बर्मा र योगेश भट्टराई थिए। दुवै दिनको प्रशिक्षण प्रश्चात खेल क्षेत्रमा कलम चलाउन नयाँ जोश थपेको सहभागीको प्रतिक्रिया थियो । तालिममा सिकेका कुरालाई व्यवहारमा परिणत गर्ने प्रतिवद्धता उनीहरुले गरें।

राष्ट्रिख खेलकुद परिषदको आयोजना भएको तालिमा प्रदेश खेलकुद परिषद गण्डकीले सहकार्य गरेको थियो । यसैगरी कानून सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय गण्डकी प्रदेश, पोखरा महानगरपालिका, मादि गाउँपालिका, रुपा गाउँपालिका, अन्नपूर्ण गाउँपालिका, माछापुच्छ्रे गाउँपालिका, केटिएम सिटी, वरपिपल रिर्सोट लगायतको सहयोग तालिममा रहेको थियो।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता असोज २८ देखि कार्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा हुँदैछ । ३९ वर्षपछि गण्डकी प्रदेशमा हुन लागेको सोही प्रतियोगितामा समावेश गरिएका ३६ खेलहरुको समाचार लेखनमा सहज पुऱ्याउने उद्धेश्यले तालिम आयोजना भएको तालिम संयोजक समेत रहेका नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालले बताए । मञ्चले आगामी दिनमा पनि पत्रकारको दक्षता अभिवृद्धि गर्नको लागि तालिम आयोजना गर्ने बरालले जनाए।

## नवौं...

खेलकुदका ३६ वटै खेलका नियम, खेल नतिजाको विधि, खेल अनुशासन, लगायतका विषयमा सम्बन्धित खेलका प्रशिक्षकले जानकारी प्रदान गरी पत्रकारलाई सबै खेल विधामा समाचार सम्प्रेषणमा तालिमले सक्षम बनाएको खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दिननाथ बरालले बताउनुभयो । नवौं राष्ट्रिय खेलकुद यही असोज २८ गतेदेखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशका सात जिल्लामा आयोजना हुँदैछ। प्रतियोगिताको उद्घाटन र समापन समारोहसहित अधिकांश खेल पोखरा रङ्गशालामा हुनेछ । गण्डकीमा दोस्रो पटक राष्ट्रिय खेलकुद हुन लागेको हो । यसअघि पहिलोपटक विसं २०३९ चैतमा यहाँ प्रतियोगिता भएको हो।


**डेंगीबाट बचौं ।**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरू आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ।
तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# ट्र्याक खुलेको २५ वर्षमा सडक कालोपत्र

**पोखरापत्र संवाददाता**
**दमौली, ५ असोज**

तनहुँको व्यास नगरपालिका-५ मानुङकोट सडक ट्र्याक खुलेको २५ वर्षपछि कालोपत्र गरिएको छ । विसं २०५४ मा ट्र्याक खोलिएको मानुङकोट जाने सडक २५ वर्षपछि कालोपत्र भएको हो ।

दमौली बजारबाट नजिकै मानुङकोट विगत तीन वर्षदेखि पर्यटकीय गन्तव्यका रुपमा विकास भइरहेको छ । कोभिड-१९ का बेला भएको बन्दाबन्दीका बीचमा मानुङकोट 'भाइरल' नै भएको थियो । त्यतिबेला एकैदिनमा १० हजारभन्दा बढी पर्यटक मानुङकोट पुगेको तथ्याङ्क छ ।

विसं २०७५ साउन १७ गते सम्झौता भएर कालोपत्र थालिएकामा गत असार १५ गते कालोपत्र सम्पन्न भएको सहरी विकास मन्त्रालयअन्तर्गत सङ्घीय आयोजना कार्यान्वयन इकाइ कास्कीका प्रमुख सुरोज पौडेलले जानकारी दिनुभयो । रु सात करोड तीन लाखको लागतमा ४.६ किलोमिटर सडक कालोपत्र भएको हो । उक्त सडक खण्डमा ४.९ किलोमिटर नालीसमेत निर्माण गरिएको छ । कालोपत्र गर्न अप्ठ्यारो रहेको ठाउँमा एक सय ८० मिटर आरसिसी ढलान गरिएको छ । अझै दुई किलोमिटर सडकखण्ड कालोपत्र गर्न बाँकी छ । मानुङ पर्यटकीय मोटरमार्गका अध्यक्ष वीरबहादुर थापाले विसं २०५४ सालमा खनिएको सडक अहिले बल्ल कालोपत्र भएको बताउनुभयो । "अझै पनि बाटो कालोपत्र पुरा भइसकेको छैन, ठाउँ ठाउँमा अझै कालोपत्र बाँकी छ," थापाले भन्नुभयो । बाटो कालोपत्र हुँदा मानुङ पुग्ने सर्वसाधारणलाई समस्या हुँदै आएकामा अब कालोपत्र सडकमा सजिलैसँग यात्रा गर्न पाइने थापाले बताउनुभयो । सडक कालोपत्र भएपछि मानुङकोट पुग्ने पर्यटकको सङ्ख्या बढेको छ । यसअघि कच्ची सडक हुँदा मानुङकोट जान पर्यटकलाई सास्ती हुँदै आएको थियो । कोभिड-१९ र बन्दाबन्दीपछि मानुङकोटमा पर्यटकको चहलपहल बढेको छ । "कालोपत्र सडकले मानुङकोटमा पर्यटक बढायो, पर्यटकको चहलपहल बढेपछि मानुङकोटमा होटल खुल्नेक्रम बढ्यो", श्रेष्ठले भन्नुभयो । मानुङकोटमा पर्यटक बढेपछि गाउँ छाडेर सहर झरेका पनि पुनःमानुङकोट उक्लिएर व्यवसाय गर्न थालेका छन् । खानेपानीको अभावमा यहाँका स्थानीयवासीले गाउँ छाडेका थिए । बजारको प्रशोधित जार र ट्याङ्करको पानीले मानुङकोटमा अहिले पानीको विकल्प दिइरहेको छ । खानेपानीको अभावमा विसं २०५२ मा मानुङकोट छाड्नुभएकी वसन्ती थापाले अहिले मानुङकोटमै होटल सञ्चालन गर्दै आउनुभएको छ । मानुङकोटमा पर्यटकको चहलपहल बढेकाले दमौली छाडेर पुनःमानुङकोट उक्लिएको उहाँले बताउनुभयो । "अहिले त बाटो कालोपत्र भइसक्यो, जे चाहिए पनि दमौलीबाटै लैजान सकिन्छ", उहाँले भन्नुभयो, "गाउँमै सम्भावना देखेपछि फर्किएर होटल चलाइरहेको छु ।" मानुङकोटको विकास अभियानमा व्यास नगरपालिकाको मुख्य चासो रहेको व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने बताउनुहुन्छ । "मानुङकोटमा लगानी गर्न निजी क्षेत्र आकर्षित भइरहेका छन्", उहाँले भन्नुभयो, "सरकारी र निजी क्षेत्रको साझेदारीमा मानुङकोटको विकास गर्छौं ।" यसअघि बतास समूहले मानुङकोटमा रु चार अर्ब योजनाको प्रस्ताव गरे पनि त्यसमा मुद्दा परेपछि रोकिएको बताउँदै अहिले मुद्दाको फैसला आइसकेकाले अब त्यो प्रक्रिया अगाडि बढ्ने न्यौपाने बताउनुहुन्छ । चिसो मौसम सुरु भएसँगै मानुङकोटमा पर्यटकको सङ्ख्या झनै बढ्छ । दमौली बजारले कुहिरोको घुम्टो ओढेर सूर्य उदाउँदाको दृश्य हेर्न लालयीत आन्तरिक पर्यटक मानुङकोट पुग्छन् । यहाँबाट माछापुच्छ्रे, अन्नपूर्णलगायतका हिमशृङ्खला साथै सदरमुकाम दमौली बजार, मादी नदी, साँगे खोला र तनहुँ जलविद्युत्को ड्याम निर्माणस्थल एवं मनोरम दृश्य देख्न सकिन्छ ।

# 'रिसेका' पदमार्गको सम्भाव्यता अध्ययन

**रासस**
**बेनी, ५ असोज**

म्याग्दी र मुस्ताङलाई जोड्ने नयाँ पदमार्गको सम्भाव्यता अध्ययन गरिएको छ । धौलागिरि आइसफल पदमार्गअन्तर्गत रहेका सेञ्चुरी पदमार्ग, रिखार पदमार्ग र कालीबराह पदमार्गलाई जोड्ने गरी 'रिसेका' (रिखार, सेञ्चुरी, कालीबराह) पदमार्गको सम्भाव्यता अध्ययन गरिएको हो ।

कालीगण्डकी र भेरी नदी जोड्ने गरी परिकल्पना गरिएको ग्रेट धौलागिरि पदमार्गका अभियन्ता मनबहादुर खत्रीको टोलीले 'रिसेका' पदमार्गकोसमेत अध्ययन गरेको हो । भदौ अन्तिम सातादेखि असोज ३ गतेसम्म म्याग्दीको चिमखोला, कुइनेमङ्गले हुँदै मुस्ताङको कालापानीसम्मको रिसेका पदमार्गको सम्भाव्यता अध्ययन गरिएको मोहनबहादुर खत्रीले बताउनुभयो ।

उहाँका अनुसार, धौलागिरि हिमालको दक्षिण आधार शिविर जाने सेञ्चुरी पदमार्ग, कुइनेमङ्गलेमा अवस्थित प्रसिद्ध धार्मिक पर्यटकीयस्थल रिखार र चिमखोलाको कालीबराह ताल क्षेत्र र मुस्ताङको लेते जोड्ने गरी नयाँ पदमार्गको खोजी गरिएको हो । यस पदमार्गअन्तर्गत कुइनेमङ्गलको पात्लेखर्कबाट पदमार्ग सुरु गरी रिखार-रुरुचौर-मानापाथि आधार शिविर-धौलागिरि दक्षिण आधार शिविर-आइसफल भ्यु पोइन्ट-कालिबराह ताल र त्यहाँबाट मुस्ताङको कालापानी निस्कन सकिने गरी पदमार्गको पहिचान गरिएको खत्रीले बताउनुभयो । बेनीबाट एक साताको पदयात्रा गर्न सकिने गरी पदमार्गको पहिचान गरिएको र यसलाई नक्साङ्कनको तयारी गरिएको उहाँको भनाइ छ । यस पदमार्गमा धौलागिरि आइसफल पदमार्गका साथै धौलागिरि पदमार्गको सिङ्कोसबगर, मल्कबाङको च्यामलीडाँडा, चौरवन हुँदै रिखार जोड्ने परम्परागत भेडीगोठ मार्ग र कालीबराहदेखि पहेलीबराह, ठूलीमेला, मुली, घ्वाङ्खर्क, खल्मी, टकसार हुँदै मुस्ताङको कोवाङ जोड्ने परम्परागत चौरी मार्गसमेत जोडिन्छन् । हिमाली भूगोललाई समेटिएको यो पदमार्ग अन्य पदमार्गको तुलनामा शाहसिक हुने पर्यटनविद् बताउँछन् । पदमार्गअन्तर्गत सबैभन्दा अग्लो स्थान चार हजार नौ सय मिटर उचाइको बाँझोखर्क, भ्यु-पोइन्टबाट लोभलाग्दो दृष्यको अवलोकन गर्न सकिन्छ ।

धौलागिरि र अन्नपूर्ण रेञ्जका हिमालको अवलोकनका साथै हिमाली भेगमा रहेका भेडा र चौंरीका गोठ, वन्यजन्यु, चराचुरुङ्गी, जडीबुटी, हिमाली भूगोल पर्यटकका लागि थप आकर्षणका रुपमा रहेका छन् । धौलागिरि आइसफल र सेञ्चुरी पदमार्गको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) नै तयार गरिएको अवस्थामा दुवै पदमार्गलाई समेट्दै छुटेका गन्तव्यलाई समेत समेट्ने रिसेका पदमार्गले यस क्षेत्रको पर्यटन विकासमा रचनात्मक भूमिका खेल्ने अपेक्षा गरिएको रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले जानकारी दिनुभयो ।

# दसैँअघि नै सहज बनाइँदै ग्रामीण सडक

**पोखरापत्र संवाददाता**
**बागलुङ, ५ असोज**

चाडपर्व नजिकिएपछि अधिकांश स्थानीय तहले वर्षाका कारण बिग्रिएका सडक मर्मतको काम थालेका छन् । वर्षाका समयमा बाढी र पहिराका कारण बिग्रिएर सवारी सञ्चालनमा समस्या देखिएपछि स्थानीय तहले दसैं अगाडि नै सडक मर्मतको काम पूरा गर्नेगरी मर्मत थालेका हुन् ।

जिल्ला सदरमुकाम बागलुङ बजारसँग जोडिने मुख्य सडक र पालिकामुकाम जोड्ने स्थानीय सडकको मर्मतको काम थालिएको जैमिनी नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत खेम आचार्यले बताउनुभयो । "दसैंमा नगरवासीलाई सहज सडकमार्फत ओहोरदोहोर गर्ने वातावरण बनाउन नगर प्रमुखकको निर्देशन थियो", उहाँले भन्नुभयो, "हामीले सबै वडामा काम थालेका छौं, मजदुर र स्काभेटरको प्रयोग गरेर सडक मर्मतको काम भइरहेको छ ।" जैमिनीले बागलुङ-कुश्मीशेरा सडकको कुश्मीशेरा सरङ्गे खण्ड मर्मतको काम सकिएको छ । सबै वडामा वडाध्यक्षको सक्रियतामा सडक मर्मतको काम भइरहेको उहाँले बताउनुभयो । अर्को बर्खा नलाग्ने बेलासम्मका लागि सडक सहज हुनेगरी मर्मत गरिएको जनाइएको छ । मुख्य चाडबाड नजिकै आइरहेका बेला ओहोरदोहोर गर्न सवारीमा यात्रुको चाप बढ्ने र त्यो बेलामा सडकको अवस्था राम्रो नभएमा दुर्घटनाको डर हुने भएकाले मर्मत गर्नुपरेको प्रशासकीय अधिकृत आचार्यले जानकारी दिनुभयो । सवारी नै नचल्ने र चले पनि दुर्घटनाको जोखिम बढी हुने भएकाले नगरपालिकाले दसैंअगावै सडकलाई सञ्चालनमा ल्याउन लागिएको बताएको छ । बरेङ गाउँपालिकाले पनि दशैं लक्षित सडक मर्मतको काम थालेको छ । हरेक वर्ष वर्षा सकिएसँगै स्थानीय सडकको मर्मत गर्दै आएको गाउँपालिकाले यस वर्ष पनि मर्मतको काम थालेको हो ।

# वालिङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## गण्डकी प्रदेश, स्याङजा जिल्ला

## नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रकाशित मिति २०७९।६।६ गते**

१) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क र यस वालिङ नगरपालिकको आन्तरिक आय संकलन तथा आय ठेक्का बन्दोबस्ती सम्बन्धी कार्यविधि २०७७ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदी/खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी वालिङ नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले आर्थिक वर्ष २०७९/२०८० को लागी नवीकरण भएको प्रमाणपत्र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र आ.व. २०७७/२०७८ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धि सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि. नं | सूचना नं./ बोलपत्र नं | बोलपत्रको नाम | उत्खनन परिमाण (घन मिटर) | न्युनतम बोलपत्र रकम मु क. कर बाहेक | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | ठेक्का न. २/२०७८/२०७९ | सुकौदी पुलको मापदण्ड तल देखि वायखोला दोभानसम्म वालिङ ८/९/१० र बायखोला दोभानदेखि तल वालिङ नगरपालिकाको समान सम्म वडा न ९/१०/ १३ । | 23464 | 5795608.0 | 159380.0 | 3000.0 |
| २. | ठेक्का न. ३/२०७८ /२०७९ | सुकौदी पुलको मापदण्ड तलदेखि वोदीको पुच्छर मुनी भिमसेन ढुगासम्म वालिङ ८/९ / १० । | 12520 | 3092440.0 | 85043.0 | 3000.0 |
| ३. | ठेक्का न. ४/२०७८ /२०७९ | वालिङ भिमसेन ढुङ्गादेखि झलुङ्गे वायटारी अर्चले वालिङ न.पा.को सिमाना सम्म वडा न १३ । | 46620 | 1151514.0 | 31667.0 | 3000.0 |

**शर्तहरु**

२) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयको राजश्व खातामा नगदै तिरेको वा यस कार्यालयको नेपाल बैक लि. वालिङ शाखामा रहेको यसक कार्यालयको खाता नं. ०८३०३००००१००१००००१ म नगदै जम्मा गरेको नगद वा बैक भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३० औ दिनको कार्यालय समय भित्र बैक जम्मा गरेको बैक भौचर वा यस कार्यालयको राजश्व शाखामा राजश्व रकम तिरी बोलपत्र खरिद र यस कार्यालयमा दर्ता गर्न सकिनेछ । आफूले बोलकबोल गरेको अकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैक लि. वालिङ शाखामा रहेको धरौटी खाता नं. ०८३०३००००३००००००००१ म जम्मा गरी सोको संकल बैक भौचर वा ईजाजत प्राप्त बैकबाट यस कार्यालयको नाम बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विड बण्ड पेश गर्नु पर्नेछ ।

३) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन् र रीतपूर्वक पर्न आएका वोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २ वजेदेखि कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन् । उक्त दिन विदा परेका सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

४) प्रि विड बैठक यो सूचना प्रकाशित मितिले १५ दिन दिनको २ वजे वालिङ नगरपालिकाको कार्यालयमा हुनेछ । इच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५) बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुदां सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाधी रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन् वोलपत्र स्वीकृत गर्ने जा नगर्ने सम्बन्धी अधिकार यस कार्यालयमा सुरक्षित हरने छ ।

६) बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलेमा सुचना टांस भएको मितिले १५ दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत रु.५० प्रतिशतले हुन आउने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ता वापत ५० प्रतिशतले हुन आउने रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको बैक भौचर वा नेपाल राष्ट्र बैकबाट इजाजत प्राप्त वित्तीय संस्थाबाट यस कार्यालयको नाममा २०७९ साल जेष्ठ १५ गते सम्म म्याद सहित जारी गरिएको बैक ग्यारेन्टी -परफरमेन्ट बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक सो वा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सकाररलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७) तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस वालिङ नगरपालिका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून तथा तथा ढुङ्गा गिटी, वालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

८) **बोलपत्र फाराम खरिद/दर्ता गर्ने समयः**

| | | |
|---|---|---|
| बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समयः २०७९/७/४ गते कार्यालय समयसम्म । | बोलपत्र दर्ता गर्ने अन्तिम मितिः २०७९/७/६ गते, समयः १२.०० बजे भित्र | बोलपत्र खोल्ने मिति २०७९/७/६गते समय २.०० बजे |